- **मिति २०८३ साउन १४ गते प्रहरी जवान आधारभूत तालिम ४-१४३ औं समूहको समुद्घाटन कार्यक्रम सम्पन्न**
  (प्रशिक्षार्थी संख्या: २९५):



- **निरीक्षण तथा निर्देशन सम्बोधन कार्यक्रम सम्पन्न:**
  (१८ साउन २०८३):
  आज मिति २०८३ साउन १८ गते तालुक कोशी प्रदेश प्रहरी प्रमुख श्रीमान् प्रहरी नायव महानिरीक्षक शेखर खनालज्यूले कोशी प्रदेश प्रहरी तालिम केन्द्र विराटनगरको निरीक्षण गर्नु भयो।
  निर्देशनका क्रममा उहाँले तालिम केन्द्र प्रहरी संगठनको आधारशिला भएकाले प्रशिक्षकहरूले अनुकरणीय भूमिका निर्वाह गर्दै नवप्रवेशी प्रहरीहरुलाई दक्ष, व्यव्सायिक, अनुशासित र सेवामुखी बनाउन विशेष ध्यान दिनुपर्ने साथै प्रशिक्षार्थी प्रहरीहरूले प्राप्त ज्ञान तथा सीपलाई सकारात्मक सोचका साथ ग्रहण गरी नागरिकको सेवामा समर्पित हुन निर्देशन दिनु भएको छ। धन्यवाद ज्ञापनका क्रममा यस तालिम केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक शिव कुमार श्रेष्ठले श्रीमान् प्रहरी नायव महानिरीक्षक शेखर खनालज्यूप्रति कृतज्ञता व्यक्त गर्दै प्राप्त निर्देशनहरुको अक्षरस पालना गर्ने गराउने प्रतिबद्धता समेत व्यक्त गर्नु भएको थियो।



- **अपराध अनुसन्धान तथा नियन्त्रण (प्र.ज. देखि प्र.व.ह.) तालिम १०८ औं समूहको उद्धाटन कार्यक्रम सम्पन्न**
  (०४ साउन २०८३):
  मिति २०८३ साउन ०४ गते बाट यस केन्द्रमा संचालन हुन गईरहेको २६ कार्यदिन अवधिको अपराध अनुसन्धान तथा नियन्त्रण (प्र.ज. देखि प्र.व.ह.) तालिम १०८ औं समूहको तालिम संयोजक प्रहरी निरीक्षक रोहित कुमार शर्मा बढईज्यूको प्रमुख आतिथ्यमा उद्धाटन कार्यक्रम सु-सम्पन्न भयो।





- **शुभ जन्मोत्सव शुभकामना आदान प्रदान तथा साँस्कृतिक कार्यक्रम सम्पन्न:**
  (२९ साउन २०८३)
  मिति २०८३।०४।२९ गते यस केन्द्रका निमित्त समादेशक प्रहरी नायव उपरीक्षक विनोद कुमार सुनुवारज्यूको प्रमुख आतिथ्यमा साउन महिनामा जन्मदिन पर्ने यस कोशी प्रदेश प्रहरी तालिम केन्द्रका प्रहरी कर्मचारी एवं प्रहरी आधारभूत तालिम ४-१४२ र १४३ औं समूहमा प्रशिक्षणरत प्रशिक्षार्थीहरूको सामूहिक रूपमा जन्मोत्सवको शुभकामना आदान प्रदान कार्यक्रम साथै यस केन्द्रको अतिरिक्त क्रियाकलाप अन्तर्गत साँस्कृतिक कार्यक्रम सम्पन्न भयो।
  उक्त कार्यक्रममा यस केन्द्रका निमित्त समादेशक प्रहरी नायव उपरीक्षक विनोद कुमार सुनुवार, प्रहरी निरीक्षक, जुनियर प्रहरी अधिकृतहरु,प्रशिक्षक वर्ग साथै प्रशिक्षणरत प्रहरी जवान आधारभूत तालिमका प्रशिक्षार्थीहरु समेतको उपस्थिति रहेको थियो।



